# सेन्ट्रल फाईनान्स लिमिटेडको
# २७औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट)
# आर्थिक वर्ष २०७९/८०

सभा मिति : २०८० साल चैत्र २३ गते शुक्रबार

सभा समय : दिनको १०.०० बजे

सभा स्थान : सेन्ट्रल फाइनान्स लिमिटेड

केन्द्रीय कार्यालय, कानदेवस्थान

कुपण्डोल, ललितपुर ।

# सेन्ट्रल फाईनान्स लिमिटेडको
# २७ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट)
# आर्थिक वर्ष २०७९/८०

## १. वैधानिक सभा

सेन्ट्रल फाईनान्स लिमिटेडको मिति २०८० साल फाल्गुण ३० गते बसेको सञ्चालक समितिको ३३६ औं वैठकको निर्णयानुसार मिति २०८० साल चैत्र २३ गते शुक्रबार (तद्नुसार ०५ अप्रिल, सन् २०२४) का दिन यस वित्तीय संस्थाको २७ औं वार्षिक साधारण सभा अध्यक्ष श्री संजोज मान श्रेष्ठज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल भई निर्णय भयो ।

## २. सभाको मिति, समय र स्थान

मिति : २०८०/१२/२३ गते शुक्रबार

समय : दिनको १०.०० बजे

स्थान : सेन्ट्रल फाइनान्स लिमिटेड, केन्द्रीय कार्यालय, कानदेवस्थान, कुपण्डोल, ललितपुर ।

## ३. सभाको सुचना

कम्पनी ऐन २०७३ को दफा ६७(२) बमोजिम यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु खोली आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८० साल चैत्र १ गते र कारोबार राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८० साल चैत्र १६ गते शेयरधनीहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको थियो । त्यस्तै सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह तथा अन्य विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकाको रुपमा शेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको थियो ।

### छलफलका विषयहरु:

**(क) सामान्य प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० साल असार मसान्तको वासलात तथा मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने ।

३. लेखा समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

१. संस्थाको नियमावलीको नियम १९(४) मा संशोधन गर्ने ।

२. संस्थाको नियमावलीको प्रस्तावित संशोधनमा नियमन निकायबाट कुनै निर्देशन वा सुझाव दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न संस्थाको सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

## ४ उपस्थिति

### ४.१ सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री संजोज मान श्रेष्ठ | अध्यक्ष |
| २. | श्रीमती चण्डिका श्रेष्ठ | सञ्चालक |
| ३. | श्री विश्व राम कवां | सञ्चालक |
| ४. | डा. किशोर हाकुदुवाल | सञ्चालक |
| ५. | श्री विद्याभूषण ध्वज जोशी | सञ्चालक |
| ६. | श्री प्रनेश बाटी | सञ्चालक |
| ७. | श्री अशोक कुमार पौडेल | सञ्चालक |

### ४.२ सेन्ट्रल फाइनान्स लि. को विभागीय प्रमुखहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री रजोज मान श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री विनोद नरसिंह श्रेष्ठ | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री प्रविणा जोशी | प्रबन्धक, सञ्चालन विभाग |
| ४. | श्री जेनिश जोशी | प्रबन्धक, कर्जा विभाग |
| ५. | श्री गोविन्द प्रसाई | प्रबन्धक, कर्जा प्रसाशन तथा असुली विभाग/कम्पनी सचिव |
| ६. | श्री दिपेश साह | अधिकृत, लेखा विभाग |
| ७. | श्री अजय राज जोशी | अधिकृत, सूचना प्रविधि विभाग |
| ८. | श्री श्रृजना माथेमा | अधिकृत, मानव शंसाधन विभाग |

### ४.३ प्रतिनिधि तथा अन्य उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री भिमसेन बन्जारा | अधिवक्ता |
| २. | श्री भिम प्रसाद पराजुली | कम्पनी रजिष्ट्रारको कार्यालय |
| ३. | श्री कमल प्रसाद नेपाल | एनएमबी क्यापिटल लिमिटेड |
| ४. | श्री निवेश कायस्थ | एनएमबी क्यापिटल लिमिटेड |

## ५. गणपूरक संख्या

| विवरण | कुल संख्या | | | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|
| | उपस्थिति | प्रोक्सी | जम्मा उपस्थिति | |
| शेयरधनी | १३१ | १४६ | २७७ | ५१.६९ |
| शेयर संख्या | १५,३३,४३८ | ३३,७१,५२२ | ४९,०४,९६० | |

## ६. सभाको वैधानिकता तथा सभाको सभापतित्व

यो सभा कम्पनी ऐन, २०६३ को दफा ६९ मा व्यवस्था भए अनुसार बोलाइएको, दफा ६७(२) बमोजिम सबै शेयरधनीहरुलाई सूचित गरिएको र दफा ७३(२) बमोजिम गणपुरक संख्या पुगेको हुँदा सभा वैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनु भई विधिवत सभाको कारवाही अगाडी बढाइयो । सञ्चालक समितिका अध्यक्ष श्री संजोज मान श्रेष्ठज्यूले सभाको सभापतित्व ग्रहण गर्नुभयो ।

सेन्ट्रल फाइनान्स लिमिटेड
स्था.: २०५३
कुपण्डोल, ललितपुर

## ७. २७ औं वार्षिक प्रतिवेदनको प्रस्तुति

यस वित्तीय संस्थाको २७औं वार्षिक प्रतिवेदन सभाका सभापति श्री संजोज मान श्रेष्ठज्यूले सभामा पढेर सुनाउनु भयो । तत्पश्चात् सभापतिज्यूले लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० साल असार मसान्तको वासलात, मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ८. छलफलको लागि आह्वान र सकृय सहभागी हुनेहरु

वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को प्रतिवेदन, २०८० साल असार मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भएपश्चात् देहायका शेयरधनीले प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार प्रश्नहरु तथा सुझावहरु व्यक्त गर्नुभएको थियो ।

## ९. छलफलमा सकृय सहभागी हुने शेयरधनीको नाम

१. श्री सत्रुघन श्रेष्ठ
२. श्री चन्द्र नारायण श्रेष्ठ
३. श्री ब्रम्हदेव शाक्य
४. श्री बैजुनाथ रौनियार
५. श्री गोबिन्द बहादुर के.सी
६. श्री सुदिप श्रेष्ठ
७. श्री उद्धव प्रसाद घिमिरे
८. श्री रामगोपाल महर्जन
९. श्री महेन्द बहादुर श्रेष्ठ
१०. श्री निरुपमा गुप्ता
११. श्री कृष्ण प्रसाद अधिकारी
१२. श्री दिवाकर खड्का
१३. श्री नरसिंह लाल चखूँ

## १०. छलफलमा सकृय सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलका क्रममा शेयरधनी महानुभावहरुले वित्तीय संस्थाको वित्तीय विवरणमा निम्न बमोजिम राय सल्लाह तथा सुझाव प्रस्तुत गर्नुभयो ।

- आर्थिक वर्ष सकिएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा ढिलो भयो समयमै साधारण सभा गर्नुहोला ।
- आफ्नै भवन बनाएर शेयरधनीहरुको विश्वास जित्नु भएकोमा धन्यवाद ।
- यो वर्ष प्रतिफल दिन नसके पनि आगामी वर्षमा प्रतिफलको आशा राखेका छौं ।
- निष्कृय कर्जा बढेर गएको हुँदा असुली कार्यमा तीव्रता ल्याउनु होला ।
- निक्षेप बढेको छ तर कर्जाको माग न्यून छ ।

- बजारमा देखिएको वित्तीय अराजकता हुनु हुँदैन ऋण लिए पछि तिर्नु पर्छ ।
- अन्य वित्तीय संस्थाले जस्तो growth गर्न सकेको छैन ।
- शेयरमा गरेको लगानी समयमै बिक्री गरेर नाफा लिन सक्नुपर्छ ।
- सफलताको शुभकामना ।

**११. जवाफको प्रस्तुतीकरण**

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई प्रमुख कार्यकारी अधिकृत रजोज मान श्रेष्ठले स्पष्ट गर्नुभयो । वार्षिक प्रतिवेदनको पाना नम्बर १०४ मा गत वर्षको लाभांशमा खाली रहेकोमा प्रिन्ट मिस्टेक भएको हो भन्दै गत वर्ष ५ प्रतिशत नगद लाभांश दिएको कुरा प्रष्ट पार्नुभयो । बाह्य तथा आन्तरिक कारण देशको अर्थतन्त्रमा परेको असरले गर्दा वित्तीय संस्थाको वित्तीय विवरणमा परेको, कर्जाको माग न्यून रहेकोले नयाँ कर्जामा बढ्न नसकेर निष्कृय कर्जा समेत बढेको हो भन्दै आगामी दिनमा शेयरधनीहरुलाई प्रतिफल दिन अथक रुपमा प्रयासरत रहेको व्यहोरा समेत जानकारी गराउनु भयो । वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक दायित्व निर्वाह गर्दा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकेको क्षेत्रहरुमा खर्च गर्ने गरेको र सोको फोटो समेत वार्षिक प्रतिवेदनमा समावेश गरेको जानकारी गराउनुभयो । असुली कार्यमा अझ तिव्रता दिने, कर्जा लगानी बृद्धि गर्ने साथै शेयरधनी महानुभावहरुको सल्लाह सुझावलाई मनन गरी सम्भव भएसम्म आगामी दिनहरुमा कार्यान्वयन गर्दै जाने कुरा प्रस्तुत गर्नुभयो ।

अन्तमा शेयरधनी महानुभावहरुको उत्साहजनक उपस्थिती, अमुल्य सल्लाह, सुझावको उच्च सम्मान गर्दै निरन्तर रुपमा सहयोगको अपेक्षा गर्दै सबैलाई धन्यवाद दिनु भयो ।

**१२. सभाको प्रस्ताव तथा पारित निर्णयहरु:**

सभाका सभापतिबाट तोकिए बमोजिम प्रमुख कार्यकारी अधिकृतले जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गरेको प्रतिवेदन पारित गर्ने सम्बन्धी

सभामा प्रस्तुत सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदनमा उल्लेखित विषय लगायत संस्थापक शेयर धनीको तर्फबाट रिक्त रहेको सञ्चालक पदमा बाँकी अवधिको लागि मिति २०८०/११/१६ को सञ्चालक समितिको बैठकबाट शेयरधनी श्री विश्वराम कवांलाई नियुक्त गर्ने निर्णय गरेकोमा सोलाई सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण पारित गर्ने सम्बन्धी

लेखा परीक्षण प्रतिवेदन सहितको २०८० साल असार मसान्तको वासलात तथा २०७९ श्रावण १ गतेदेखि २०८० असार ३१ गतेसम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

३. आ.व. २०८०/८१ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धी

लेखा परीक्षण समितिले गरेको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षण गर्न लेखा परीक्षक श्री एन. अमात्य एण्ड कम्पनी चार्टर्ड एकाउण्टेन्टस्लाई लेखा परीक्षण शुल्क रु.४,००,०००।०० कर बाहेक र कर परीक्षण शुल्क, लङफर्म शुल्क, अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ७८ को विवरण र लेखा परीक्षण गर्दा लेखा परीक्षणको टोलीलाई दिनुपर्ने खर्च साविकमा उपलब्ध गराएकोमा नबढ्ने गरी अन्य शुल्क दिने गरी लेखा परीक्षक नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**ख) विशेष प्रस्ताव**

१. संस्थाको नियमावलीको नियम १९(४) मा संशोधन गर्नेबारे ।

देहाय बमोजिम हुने गरी नियमावलीमा संशोधन गर्ने सर्वसम्मतीले निर्णय गरियो ।

| क.सं | नियम | साविकको व्यवस्था | संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | १९(४) | प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्ने छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ लागु भएपछि नियुक्त भएको कार्यकाललाई पहिलो कार्यकाल मानि प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुने छ र निज अर्को एक कार्यकालका लागि पुन नियुक्ति हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ एवं नेपाल राष्ट्र बैंकले दिएको निर्देशन कार्यान्वयन गर्न । |

२. संस्थाको नियमावलीको प्रस्तावित संशोधनमा नियमन निकायबाट कुनै निर्देशन वा सुझाव दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न संस्थाको सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी ।

संस्थाको नियमावलीको प्रस्तावित संशोधनमा नियमक निकायबाट कुनै निर्देशन वा सुझाव, भाषिक शुद्धता फेरबदल भएमा सोही अनुरुप गर्न संस्थाको सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव सर्व सम्मतीबाट पारित गरियो ।

**(ग) विविध**

१. स्वतन्त्र सञ्चालकको नियुक्तीको जानकारी सम्बन्धमा ।

यस संस्थाका स्वतन्त्र सञ्चालकको रुपमा रहनु भएका श्री कृष्ण प्रसाद न्यौपानेले आफ्नो व्यक्तिगत कारणले स्वतन्त्र सञ्चालक पदबाट मिति २०८०/०८/२७ गते देखी लागू हुने गरी राजीनामा दिनु भएकोले सो रिक्त स्वतन्त्र सञ्चालकमा संस्थाको मिति २०८०/१२/१२ मा बसेको सञ्चालक समितिको बैठकबाट श्री अशोक कुमार पौडेललाई एक कार्यकालका लागि नियुक्त गरेको व्यहोरा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४(३) बमोजिम जानकारी गराइएको व्यहोरालाई सर्वसम्मतिले समर्थन गरियो ।

**१३. धन्यवाद ज्ञापन**

तत्पश्चात छलफल तथा निर्णयको क्रम समाप्त भई सकेपछि सौहार्द्रपूर्ण वातावरणमा २७ औं वार्षिक साधारण सभा सम्पन्न गर्न अमूल्य समय दिई सहयोग पुऱ्याउनु भएकोमा सभापतिज्यूले शेयरधनी महानुभावहरु लगायत सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा बिसर्जन**

अन्तमा सभापतिज्यूले सभा सञ्चालन गर्न सभामा उपस्थित शेयरधनी महानुभावहरुबाट प्राप्त सहयोगको लागि पुनः धन्यवाद ज्ञापन गर्नुको साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिनको १२.०० बजे यो सभा बिसर्जन गर्नुभयो ।

| | |
|---|---|
| संजोज मान श्रेष्ठ<br>सभापति | गोविन्द प्रसाईं<br>कम्पनी सचिव |